# नेपाल सहभागीमूलक कार्यसमूह (नेपान)

## ई-न्युजलेटर

समावेशीकरण-सहभागिता-विकास

२०७८ चैत्र अङ्क : १२३

### नेपानको बारेमा

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) हरेक क्षेत्रमा सहभागितामूलक पद्धतिको प्रवर्द्धनमा विशिष्ट ढङ्गले सक्रिय रहँदै आएको छ । यो संस्था विकास, अनुसन्धान, सामाजिक रूपान्तरण एवम् क्षमता अभिवृद्धिका सवालहरूमा विगत अढाइ दशकभन्दा अघिदेखि कार्यरत रहेको विशेषज्ञतापूर्ण संस्थाका रूपमा परिचित छ । विभिन्न क्षेत्रका करिब ४०० विज्ञहरू र नेपालका सामाजिक रूपान्तरण तथा विकासका क्षेत्रमा ख्यातिप्राप्त केही संस्थाहरू समेत सदस्य रहेको नेपानले राष्ट्रका नीति-निर्माणका सन्दर्भमा पनि योगदान पुऱ्याउँदै आएको छ । सहभागितामूलक पद्धति प्रवर्द्धन र ज्येष्ठ नागरिकहरूको सामाजिक सुरक्षाका लागि उपयुक्त नीति-निर्माणमा नेपानले विगतमा खेलेको अग्रणी भूमिका बेलाबखत चर्चाको विषय समेत बन्ने गरेको छ । हालैका वर्षहरूमा राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा नेपानले नेपालको वर्तमान शासकीय प्रणालीसँग मेल खाने किसिमको राष्ट्रिय एकीकृत प्रतिवेदन ढाँचा निर्माण गरेको एवम् युएनडिपी र राष्ट्रिय योजना आयोगसँगको सहकार्यमा नेपालका सातवटै प्रदेश र प्रतिनिधिमूलक २८ वटा पालिकाहरूमा दिगो विकास लक्ष्यलाई प्रभावकारी रूपमा स्थानीयकरण गर्नका लागि अध्ययन गरी सिफारिश सहितको प्रतिवेदन तयार पारेको कार्य नेपानका विशिष्ट सक्रियताका पछिल्ला महत्वपूर्ण उदाहरणहरू हुन् । यस संस्थाले हाल लोकतन्त्र र संघीयताका मूल मर्म सम्वर्द्धनका लागि तृणमूल तहका प्रतिनिधिमूलक आवाजहरूलाई समेत उठान गर्ने प्रयत्न गर्दै आएको छ भने समान सन्दर्भका विषयवस्तुमा दक्षिण एशियाली क्षेत्रस्तरीय बहसहरू समेत आयोजना गरेको छ । यसले राष्ट्रिय स्तरमा

## संस्थाका प्रमुख गतिविधिहरू

### १. साधारण सभा

नेपाल सहभागीमूलक कार्यसमूह (नेपान) को २७ औं वार्षिक साधारण-सभा संस्थाका अध्यक्ष डा. झविन्द्र भण्डारीको अध्यक्षता र राष्ट्रिय योजना आयोगका माननीय सदस्य सलोनी प्रधान सिंहज्यूको प्रमुख आतिथ्यमा २०७८ भदौ १९ गते शनिवारका दिन ZOOM Video Conference को माध्यमबाट भर्चुअल रूपमा सम्पन्न भयो । यस साधारण-सभामा प्रमुख अतिथि माननीय सलोनी प्रधान सिंह, नेपानका पूर्वअध्यक्षहरू रमेश सिंह, डा. विनोद भट्ट, मानबहादुर थापा, राघवराज रेग्मी, ब्रह्मध्वज गुरुङ, उत्तम उप्रेती लगायत कुल ८३ जनाको उपस्थिति रहेको थियो । उक्त साधारणसभाको प्रमुख अतिथिले ब्यानर प्रदर्शन एवम् वाचन गरी उद्घाटन गर्नु भएको थियो । उद्घाटन सत्रमा नेपानका प्रकाशनहरूको विमोचन, उत्कृष्ट व्यक्तित्वहरूलाई पुरस्कार तथा सम्मानका क्रियाकलापहरू सम्पन्न गरिएका थिए । प्रमुखअतिथिको मन्तव्य पश्चात उद्घाटन सत्र समापन भएको थियो ।

साधारण सभाको दोस्रो सत्र बन्द-सत्रको रूपमा रहेको थियो । सो सत्रमा गणपूरक संख्या यकिन गरी साधारण सभाले गठन गरेको निर्वाचन समितिले निर्वाचन प्रक्रिया प्रारम्भ गरेको थियो । बन्द-सत्रमा वार्षिक प्रगति प्रतिवेदन तथा आर्थिक प्रतिवेदनहरूको प्रस्तुतीकरण, छलफल एवम् अनुमोदन गर्ने कार्य सम्पन्न गरिएका थिए । यसैगरी सभाले नेपानको सदस्यताका लागि आवेदन दिएकामध्ये १६ जनालाई नयाँ साधारण सदस्यता र दुईजनालाई आजीवन सदस्यता प्रदान गर्ने निर्णय गरेको थियो । यस बन्द-सत्रले लेखापरीक्षक समेत नियुक्त गरेको छ । । यसै सत्रमा नेपानको नयाँ कार्यसमितिका लागि यस वर्ष चयन गर्नुपर्ने पदाधिकारी तथा सदस्यहरूमध्ये निर्वाचन समितिको संयोजनमा सर्वसम्मत ढङ्गले अध्यक्ष पदमा डा. अनोज क्षेत्री र महिला सदस्यहरूमा शान्ति थापा, विन्दु गहतराज, हेरिना जोशी र सञ्चमाया स्याङबो तथा अन्य सदस्यहरूमा तोयानाथ गौतम, कर्ण नेपाली, महेशकुमार देव, डा. नरेन्द्र ठगुन्ना र लालबहादुर ओली आगामी दुई वर्षका लागि चुनिनु भयो । यस बन्द-सत्रमा विभिन्न व्यक्तिहरूबाट सङ्क्षिप्त मन्तव्य प्रस्तुत गरिएको थियो भने कार्यकाल पूरा गरेका पदाधिकारी तथा

***यस भित्र :***


१. संस्थाका प्रमुख गतिविधिहरू
२. यस अवधिमा नेपानको सहभागिता
३. नेपानको स्रोत केन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू
४. मिडिया कभरेज
५. नेपानको कार्यसमितिको विवरण आ.व. ०७८/०७९

विचार र बहस निर्माणका लागि मासिक अन्तरक्रिया कार्यक्रम गर्ने एवम् नेपालीमा 'सहभागिता' तथा अङ्ग्रेजीमा 'Participation' नामक विचार, बहस र अनुसन्धानमूलक प्रकाशनहरू समेत गर्ने काम गर्दै आएको छ । हाल सहभागिताका सवालहरूलाई बद्लिँदो परिस्थितिसँगै कसरी सान्दर्भिक ढङ्गले अगाडि बढाइनु उपयुक्त हुन्छ भन्ने नीति-सारांश (Policy–brief) निर्माण गर्ने काममा नेपान आफ्ना विज्ञ सदस्यहरूका साथ सक्रियतापूर्वक जुटिरहेको छ ।

धन्यवाद ।

**नेपाल सहभागीमूलक कार्यसमूह (नेपान)**
दोभान टोल, सहयोगी नगर
जनता सडक, कोटेश्वर-३२
काठमाडौं, नेपाल
सम्पर्क नं: ०१ -४१५४९३८
ईमेल:nepan@nepan.org.np

सदस्यहरूलाई उहाँहरूले नेपानप्रति गरेको योगदानको सम्मानस्वरूप प्रशंसा-पत्र प्रदान गरिनुका साथै नवनिर्वाचित सदस्यरूलाई बधाइ ज्ञापन गरिएको थियो ।

अन्त्यमा, नेपान अध्यक्ष डा. झविन्द्र भण्डारीले २७ औं वार्षिक साधारण-सभा सफलतापूर्वक समयमै सम्पन्न गर्न सघाउनुहुने सबैमा धन्यवाद ज्ञापन गर्दै उपस्थित सहभागीहरूमा आभार तथा नवनिर्वाचित सदस्यहरूलाई बधाइ ज्ञापन गर्नु भयो । नवनिर्वाचित अध्यक्ष डा. अनोज क्षेत्रीबाट आगामी दुई वर्षका प्राथमिकता र आफ्नो प्रतिबद्धताको प्रस्तुति गरी साधारण-सभा सम्पन्न भएको जानकारी गराइयो ।

## २. संस्थाका नियमित बैठकहरू

संस्थाको २७ औं साधारणसभापश्चात नियमित रूपमा कार्यसमितिको मासिक बैठक हुँदै आएको छ । हालसम्म जम्मा ६ वटा बैठकहरू सम्पन्न भएका छन् । यी बैठकहरूमा विभिन्न दूरगामी निर्णयहरू भएका छन् । सर्वप्रथमत: संस्थाको कार्यसमितिको बैठक कहिले र कसरी सम्पन्न हुने भन्ने सन्दर्भमा निश्चित प्रक्रिया थालनी भएको छ भने नेपानले गर्न सक्ने विभिन्न कार्यक्रमहरू सहितको कार्ययोजना निर्माण गरिएको छ । संस्थाको कामकाजलाई चुस्त, दुरुस्त र सहभागीमूलक बनाउन उपसमितिहरू निर्माण गरी विभिन्न भूमिकाहरू बाँडफाँड गरिएको छ । विभिन्न उपसमितिहरूले आफ्नो कार्यक्षेत्रअनुसार विभिन्न क्रियाकलापहरू अगाडि बढाई संस्थालाई जीवन्तता दिने कार्यहरू गरिरहेका छन् ।

**सामाजिक, आर्थिक तथा सांस्कृतिक रूपान्तरणका लागि विकासका प्रयासहरुमा विपन्न तथा पछाडि पारिएका वर्ग, समुदायको अर्थपूर्ण समावेशीता वा सहभागिताको सुनिश्चितता नै प्रमुख पक्ष हो यसको सशक्त रूपमा प्रवर्द्धन गरौं ।**

**३. नयाँ सदस्यहरूलाई अभिमुखीकरण:** वि.सं. २०७८ असोज २३ गते नेपानका नयाँ सदस्यहरूलाई अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ । उक्त अभिमुखीकरण कार्यसमिति सदस्य तथा कार्यक्रम समिति संयोजक तोया गौतमले सञ्चालन गर्दै सहभागीहरूलाई स्वागत तथा कार्यक्रमका बारेमा प्रकाश पार्नुभएको थियो । यसैगरी, सहभागीहरूद्वारा आ-आफ्नो परिचय तथा कार्यक्रमप्रतिको अपेक्षा प्रस्तुत गरिएको थियो । संस्थाका पूर्व अध्यक्ष चेतनाथ कणेलले नेपानको स्थापना, यसको पृथक प्रकृति र विगतका प्रमुख उपलब्धिहरू बताउनु भएको थियो । कार्यक्रममा कोष अभिवृद्धि तथा रणनीतिक योजना पुनरावलोकन समिति सदस्य महेश शर्माले नेपानको रणनीति र आगामी दिनका लागि सम्भाव्य मार्गदिशा प्रष्ट पार्नुभएको थियो । त्यसैगरी नेपानका अध्यक्ष डा. अनोज क्षेत्रीले नेपानको हालको अवस्था, सोच, प्राथमिकता, कार्यक्रम र सदस्यहरूसँगको अपेक्षाका बारेमा सहजीकरण गर्नुभएको थियो । कार्यक्रमअन्तर्गत अभिमुखीकरणबाट हासिल भएको बुझाइ र आफूले खेल्नसक्ने भूमिकाका बारेमा सहभागीहरूले सहभागीमूलक तवरले प्रस्तुत गरी छलफल गरिसकेपछि संस्थाका निवर्तमान अध्यक्ष डा. झविन्द्र भण्डारीले यस अभिमुखीकरणका मूलभूत निष्कर्ष र दृष्टिकोण प्रस्तुत गर्दै धन्यवाद ज्ञापनसहित कार्यक्रम समापन गर्नुभएको थियो । उक्त अभिमुखीकरणमा ११ जना नयाँ सदस्यहरूको सहभागिता रहेको थियो ।

## ४. विश्व ज्येष्ठ नागरिक दिवस

विश्व ज्येष्ठ नागरिक दिवस मनाउने सन्दर्भमा अक्टोबर ०१, २०२१ का दिन नेपानको आयोजनामा अन्तर्राष्ट्रिय स्तरको भर्चुअल गोष्ठी सम्पन्न गरियो । सबै उमेरगत समूहका व्यक्तिहरूका लागि डिजिटल प्रविधिमा पँहुचका सन्दर्भमा बढी केन्द्रित रहेको सो गोष्ठीमा भारतबाट प्रा.डा. आरोधना शुक्ला, प्रा.डा. अनुभूति दुबे, पन्चर मालिंगम, डा. रोशनलाल, बंगलादेशबाट मोहम्मद रहमान र नेपालबाट महेश शर्मा, डा. झविन्द्र भण्डारी, राजेश जोशी, छिडल्हमु शेर्पा तथा छत्र प्रधानले आ-आफना प्रस्तुतिहरू राख्नुभएको थियो । नेपान सदस्य डा. नगेन्द्र ठगुन्नाले सहजीकरण गर्नु भएको सो कार्यक्रमको स्वागत मन्तव्य कार्यक्रम समिति संयोजक तोया गौतमबाट र रिफ्लेक्सन नेपान सदस्य हेरिना जोशीबाट भएको थियो । कार्यक्रमको अन्तमा यस गोष्ठीले डिजिटल

साक्षरताको आवश्यकता, जटिल रोग र सुरक्षा, प्रयोगकर्तामुखी उपकरणहरूका लागि सहकार्यको खाँचो एवम् नीतिगत परिवर्तनका लागि बहस-पैरवीको आवश्यकता रहेको पक्ष उजागर गरेको निष्कर्षमूलक समीक्षा प्रस्तुत गर्दै नेपान अध्यक्ष डा. अनोज क्षेत्रीले सम्पूर्ण प्रस्तोता र सहभागीहरूलाई धन्यवाद दिएर गोष्ठी समापन गर्नु भएको थियो ।

## ५.मासिक अन्तर-संवाद तथा बहस कार्यक्रम

### ५.१ तनावमुक्त सफल जीवन

वि.सं. २०७८ मंसिर २५ गते नेपानका सदस्यहरूमाझ मासिक अन्तर-संवाद तथा बहस कार्यक्रम सम्पन्न भएको छ । वक्ता र सहभागीहरूलाई स्वागत गरी सुरु भएको सो कार्यक्रमलाई कार्यक्रम समितिका संयोजक तोया गौतमले सञ्चालन गर्नुभएको थियो । उक्त कार्यक्रममा डा. प्रद्युम्नराज पाण्डे, डा. नम्रता पाण्डे र प्रतिभा क्षेत्रीद्वारा तनावमुक्त सफल जीवन कार्यक्रमका बारेमा प्रकाश पारिएको थियो । यस कार्यक्रमका प्रस्तोताहरूले आफनो आवश्यकता र चाहना कम गरेमा नै तनावमुक्त भई जीवनमा सफल भइन्छ भन्ने सन्देश दिनुभएको थियो । कार्यक्रममा २४ जनाको सहभागिता रहेको थियो । नेपानका अध्यक्ष डा. अनोज क्षेत्रीबाट उक्त गोष्ठीको सारसङ्क्षेप प्रस्तुत गरी सम्पूर्ण प्रस्तुतकर्ता र सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

### ५.२ "Reframing Participatory Development Action: Critical Insights for Nepal"

वि.सं. २०७८ माघ १६ गते नेपानका सदस्यहरू माझ Reframing Participatory Development Action: Critical Insights for Nepal विषयक मासिक अन्तरसंवाद तथा बहस कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रमको सञ्चालन कार्यक्रम समितिका संयोजक तोया गौतम र कार्यसमिति सदस्य भोला भट्टराईले गर्नुभएको थियो । कार्यकमको सुरुमा वक्ता एवम् सहभागीहरूको परिचय र स्वागत गरिएको थियो । उक्त कार्यक्रममा डा. हेमन्त ओझा, गोपीकृष्ण खनाल, डा. पूर्ण नेपाली तथा स्मृतिकला पन्तले आ-आफ्ना दृष्टिकोणहरू राख्नुभएको थियो । यस संवादमा वक्ताहरूका दृष्टिकोणमाथि सहभागीहरूबाट राखिएका जिज्ञासाहरूका बारेमा छलफल गरिएको थियो । नेपानका अध्यक्ष डा. अनोज क्षेत्रीबाट उक्त संवादको सान्दर्भिकता व्यक्त गर्नुको साथै सम्पूर्ण प्रस्तुतकर्ता र सहभागीहरूलाई धन्यवाद ज्ञापन दिई संवाद कार्यक्रम सम्पन्न गरिएको थियो । उक्त कार्यक्रममा.२८ जनाको सहभागिता रहेको थियो ।

## ६.अन्य गतिविधिहरू

- यस अवधिमा नेपानले यूएनडीपीको सहयोग तथा राष्ट्रिय योजना आयोगसँगको समन्वयमा दिगो विकासको स्थानीयकरणको अवस्था विश्लेषण कार्य गरेको छ ।
- नेपानको मुख्य प्रकाशनमध्येमा रहेको 'सहभागिता' को मुद्रण र युवामैत्री विकाससम्बन्धी प्रस्तावना यूएनडीपीमा पेश गरेको छ । यसैगरी दुग्ध व्यवसाय प्रर्वद्धनका लागि चेक रिपब्लिकको दूतावास, भारतमा र ज्येष्ठ नागरिकको मनोपरामर्श सेवाका लागि राष्ट्रिय योजना आयोगमा समेत कार्यक्रम प्रस्तावना पेश गरेको छ ।

## ७. नेपानको रणनीतिक योजना निर्माण

बदलिँदो परिवेशसँग सामञ्जस्यता मिलाउँदै तथा परिवर्तित परिस्थितिमा नेपानलाई थप प्रभावकारी रूपमा कार्य गर्न सक्ने नागरिक समाजको संस्थाका रूपमा स्थापित गर्न नेपानका कार्यसमिति सदस्य भोला भट्टराईको नेतृत्वमा रणनीतिक योजना निर्माण कार्यदल बनाई कार्यान्वयन अघि बढाइएको छ ।

## ८. नेपानका आगामी प्रकाशनहरू

नेपानले वार्षिक रूपमा निरन्तर प्रकाशन गर्दै आएका ‘सहभागिता’को (नेपाली भाषामा) र 'Participation' (अङ्ग्रेजी भाषामा) को प्रकाशनका लागि लेख-रचनाहरू आह्वान गरिएको छ । ‘सहभागिता’ संयोजन कार्यसमिति सदस्य तोया गौतम र 'Participation' को संयोजन अध्यक्ष डा. अनोज क्षेत्रीले गरिरहनु भएको छ ।

## यस अवधिमा नेपानको सहभागिता

| क्र.सं. | भागलिने व्यक्तिको नाम | कार्यक्रम | आयोजक | मिति | स्थान | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | दलबहादुर जि.सी. | Meeting of Steering Group for promoting social protection Floors in Nepal | SPCBN | ३० सेप्टेम्बर, सन् २०२१ | अल्फाबेटा हल, बानेश्वर | |
| २ | तोया गौतम | ‘खाद्य सम्प्रभूताका लागि जल, जंगल, जमिन र बीउमा स्थानीय समुदायको अधिकार’ विषयक छलफल तथा ‘द मील’ कार्यक्रम | सामुदायिक आत्मनिर्भर केन्द्र ( सि.एस.आर.सी.) | २०७८ असोज २ गते | सामुदायिक आत्मनिर्भर केन्द्र ( सि.एस.आर.सी.) | १ |
| ३ | दलबहादुर जि.सी. | गैरसरकारी संस्था महासंघ, नेपालको १० औं महाअधिवेशन तथा २७ औं वार्षिक साधारण सभा | गैरसरकारी संस्था महासंघ, नेपाल | १७ डिसेम्बर, सन् २०२१ | क्वालिटी ब्याङ्क्वेट, बुद्धनगर | |
| | | | | | | |
| ४ | डा. अनोज क्षेत्री, डा. नरेन्द्रसिंह ठगुन्ना र कर्णबहादुर नेपाली, | राष्ट्रिय योजना आयोगका माननीय सदस्य सलोनी सिंह प्रधानसँग ज्येष्ठ नागरिकहरूको मानसिक स्वास्थ्यसम्बन्धी कार्यक्रम निर्माण साथै नेपानसँग हुनसक्ने सहकार्यसम्बन्धी छलफल | राष्ट्रिय योजना आयोग | | राष्ट्रिय योजना आयोग, सिंहदरबार | यस बैठककमा ज्येष्ठ नागरिक महासंघका महासचिव छत्र प्रधानको पनि सहभागिता रहेको थियो । |
| ५ | Chair, Dr. Anoj Chhetri, IPP, Dr. Jhabindra Bhandari, Former NEPAN Chair Dr. Sibesh Chandra Regmi | Damien Foundation Day | Damien Foundation | | | |

## यस अवधिमा नेपान स्रोत केन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू

| क्र.स. | शीर्षक | अङ्क | पूर्णाङ्क | वर्ष | प्रकाशक | प्रकाशन मिति | योगदानकर्ता |
|---|---|---|---|---|---|---|---|
| 1 | Development in Practice | 6 | 715-716 | 2021 | DSAA | September-2021 | DSAA ( Development Studies Association of Australia) |
| 2 | Development in Practice | 7 | 857-871 | 2021 | DSAA | October-2021 | " |
| 3 | Development in Practice | 8 | 969-970 | 2021 | DSAA | November-2021 | " |
| 4 | म भित्रको म | | १-१९५ | २०७८ | छत्रलक्ष्मी रुद्रलाल मुल्मी स्मृति प्रतिष्ठान | कार्तिक २९, २०७८ | छत्रलक्ष्मी रुद्रलाल मुल्मी स्मृति प्रतिष्ठान |
| 5 | आदर्श खबर | ३ | | ५ | आदर्श खबर | असोज, २०७८ | चेतनाथ कणेल |

## मिडिया कभरेज

ज्येष्ठ नागरिकमा देखिएको 'डिजिटल डिभाइड'प्रति विज्ञहरूको चासो https://www.khabarhub.com › 2021/03 Translate this page
काठमाडौँ- एकतीसौँ अन्तर्राष्ट्रिय **ज्येष्ठ** नागरिक दिवसका सन्दर्भमा आज काठमाडौँमा ...

ज्येष्ठ नागरिकहरूमा देखिएको 'डिजिटल डिभाइड' प्रति ... – gaunsahar https://gaunsahar.com › news-details
4 days ago — काठमाडौँ । ३१औँ अन्तर्राष्ट्रिय **ज्येष्ठ** नागरिक दिवसको सन्दर्भ पारेर ...

ज्येष्ठ नागरिकहरूमा देखिएको 'डिजिटल डिभाइड'प्रति विज्ञहरूको चासो https://www.dhankutakhabar.com › 2...
Translate this page 4 days ago — काठमाडौ । ३१औँ अन्तर्राष्ट्रिय **ज्येष्ठ** नागरिक दिवसको सन्दर्भ पारेर ...

Demo News Nepal - उपत्यकाका सबै नाका सिल गर्न गृह... https://fr-fr.facebook.com › posts › उ...

- Translate this page **ज्येष्ठ नागरिकहरूमा देखिएको 'डिजिटल** डिभाइड' प्रति **विज्ञहरूको चासो** https://www.setokhabar.com/news/ ...Demo News Nepal - दोलखाका शैक्षिक संस्था बन्द गर्न...
  https://m.facebook.com › posts
  Translate this page
  **ज्येष्ठ नागरिकहरूमा देखिएको 'डिजिटल** डिभाइड' प्रति **विज्ञहरूको चासो** https://www.setokhabar.com/news/ ...

ज्येष्ठ नागरिकका गुनासाः'निःशुल्क उपचारदेखि यातायात सेवा पाएनौं '
https://nepal.shafaqna.com › ...

· Translate this page 3 days ago — **ज्येष्ठ** नागरिकमा **देखिएको 'डिजिटल** डिभाइड'प्रति **विज्ञहरूको चासो**.
ज्येष्ठ नागरिकहरूमा देखिएको 'डिजिटल डिभाइड' प्रति विज्ञहरूको चासो
https://timesofnepal.com.np › feeds
Translate this page 4 days ago — timesofnepal.com.np | काठमाडौँ । ३१औँ अन्तर्राष्ट्रिय **ज्येष्ठ** नागरिक दिवसको सन्दर्भ ...

# नेपानको विद्यमान कार्यसमितिको विवरण आ.व. ०७८/०७९

| सि.नं | नामथर | पद | मोवाईल नं | इमेल |
|---|---|---|---|---|
| १. | डा. अनोज क्षेत्री | अध्यक्ष | ९८५११३३४०९ | anoj.chhetri@gmail.com |
| २. | डा. झविन्द्र भण्डारी | निवर्तमान अध्यक्ष | ९८५११४२७५० | talk2jhabindra@gmail.com |
| ३. | श्री दलबहादुर जि.सी | कोषाध्यक्ष | ९८४१४९१९६५ | gc_dal@hotmail.com |
| ४. | श्री तोयानाथ गौतम | सदस्य | ९८५११६५२५७ | toyagautam@gmail.com |
| ५. | श्री भोला भट्टराई | सदस्य | ९८५१०७४७७० | nafannepal8@gmail.com |
| ६. | श्री विन्दु गहतराज | सदस्य | ९८४००२२१३८ | gahatraj.bunu@gmail.com |
| ७. | श्री हेरिना जोशी | सदस्य | ९८४१८२९८२० | uems.herina@gmail.com |
| ८. | श्री कर्णबहादुर नेपाली | सदस्य | ९८६१५९५२४८ | karnanepali777@gmail.com |
| ९. | श्री लालबहादुर ओली | सदस्य | ९८५८४२१७८३ | lal_39@yahoo.com |
| १०. | श्री महेशप्रसाद देव | सदस्य | ९८५१०६२१७३ | maheshdev7@yahoo.com |
| ११. | डा. नरेन्द्रसिंह ठगुन्ना | सदस्य | ९८५१२०५५१९ | drthagunnan@gmail.com |
| १२. | श्री शान्ति थापा | सदस्य | ९८५५०३४८६६ | shanti.thapa01@gmail.com |
| १३. | श्री सञ्चमाया स्याङ्बो | सदस्य | ९८४३७०८६६९ | sanchams@yahoo.com |

## सूचना (Notice)

नेपानले निरन्तर प्रकाशन गर्दै आएका 'सहभागिता' र *Participation* का लागि अनुसन्धानमूलक लेख-रचनाहरू लेखी ईमेल ठेगाना: nepan2021@gmail.com तथा toyagautam@gmail.com मा पठाउनु हुन अनुरोध छ । लेख-रचनाको मापदण्ड माग गरेमा उपलब्ध गराइने छ ।

## यस अंकका योगदानकर्ताहरू

१. श्री कर्णबहादुर नेपाली — कार्यसमिति सदस्य
२. श्री हेरिना जोशी — कार्यसमिति सदस्य
३. श्री तोया गौतम — कार्यसमिति सदस्य

## वितरण व्यवस्था

श्री युसुफ थापा मगर, नेपान सचिवालय